# विद्यापीठमा छात्र भोजन गृह निर्माण

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ कार्तिक**

पोखरा महानगरपालिका-१ भीमकालीपाटनस्थितविध्यवासिनी संस्कृत विद्यापीठमा छात्र भोजन गृह निर्माण गरिएको छ।

कास्कीको रुपा गाउँपालिका निवासी ई किरिटी सुवेदी(हाल अमेरिका, इम्पावर नेपाल फाउण्डेशन) को १२ हजार अमेरिकी डलर आर्थिक सहयोगमा दुई कोठे भवन निर्माण गरिएको हो।

प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले आज एक कार्यक्रमबीच नवनिर्मित छात्र भोजन गृहको उद्घाटन गर्नुभयो । पूर्वीय दर्शनका साथै प्राचीन संस्कृत भाषा, सभ्यता र वाङ्मयको उजागर गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउँदै



उहाँले संस्कृत शिक्षासँगै हाम्रा प्राचीन संस्कृतिलाई पर्यटनसँग जोड्नुपर्ने बताउनुभयो।

संस्कृत शिक्षाको विकासका लागि प्रदेश सरकारका तर्फबाट सहयोग गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो। विद्यापीठ विकास समितिका अध्यक्ष परशुराम बरालले विभिन्न साथ र सहयोगमा विद्यापीठ वर्तमान अवस्थामा आइपुगेको जनाउँदै पोखरामा संस्कृत माध्यमिक विद्यालय र विद्यापीठबीच एकापसमा सहकार्य गर्दै अघि बढाइएको बताउनुभयो।

विद्यापीठ विकास समितिका संस्थापक अध्यक्ष लीलाभक्त आचार्यले सामान्य अवस्थामा सुरु गरिएको विद्यापीठ क्रमशः साधनस्रोत सम्पन्न बन्दै गएको धारणा राख्नुभयो । विद्यापीठका प्राचार्य डा जगन्नाथ रेग्मीले छात्रावास भवन निर्माण भइसकेको र छात्र भोजन गृह अपरिहार्य रहेका अवस्थामा निर्मित भवन अध्ययनरत विद्यार्थीका लागि बहुउपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा विद्यापीठका पूर्वप्राचार्य प्रा डा शालिग्राम सुवेदी, विकास समितिका पूर्व अध्यक्ष विष्णुप्रसाद बराल, वडाध्यक्ष शारदा पराजुली, संस्कृत मावि व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारी, किरिटी सुवेदी, वासुदेव पौडेल, प्रवीणचन्द्र बराललगायतले संस्कृत शिक्षाको आवश्यकताका विषयमा बोल्नुभएको थियो । उक्त अवसरमा भोजन गृह निर्माणमा सहयोग गर्नुहुने सुवेदीलाई विद्यापीठका तर्फबाट सम्मानपत्र प्रदान गरिएको थियो।



बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि : पोखरा महानगरपालिका वडा नं ६ को कार्यालय परिसरमा बालबालिकालाई आइतबार जुकाको औषधि र भिटामिन 'ए' खुवाइँदै । तस्बिरः राधिका कँडेल/रासस

# बुद्ध विशाल बजार ब्यापारिक एशोसियसको परिचयात्मक कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ कार्तिक**

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसन पोखराले एक कार्यक्रम विच नव गठित समितिका संयोजक तथा सदस्यहरुलाई बधाई, शुभकामना तथा परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ।

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष केशवबहादुर खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव राजु केसीले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका मानार्थ सदस्य सुदिप ढकालले संस्थामा बसेर सयोजक तथा सदस्यले गर्नुपर्ने काम र कर्तब्य के हो भन्ने विषयमा प्रष्ट पारेका थिए।



कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका सल्लाहकारहरु ध्रुव रेग्मी,शिव शर्माले गठित समितिलाई शुभकामना तथा समितिको कार्यविधि लगायतका गठित समितलाई शुभकामना दिदै बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका विभिन्न समिति उपसमितिहरु अभिन्न अङ्गको रुपमा रहेकोले एशोसियसनको समृद्धिमा कोशेढुङ्गाको रुपमा रहेर काम गर्नेमा आफुहरु ढुक्क रहेको बताए । कार्यक्रमका अध्यक्षता गरेका बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष केशवबहादुर खत्रीले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका विभिन्न समिति उपसमिति सदस्यहरुलाइ बधाइ दिदै समिति उपसमिती गठनको औचित्यता साथै चुनौती र सम्भावनाको वारेमा प्रकाश पारेका थिए भने कार्यक्रममको सन्चालन बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका महासचिव बुद्धि कुवँरले गरेका थिए।

# एमालेको वडा २ मा शाह र वडा ७ मा बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को हालै भएको वडा अधिवेशनमा पोखरा महानगरपालिका ७ को अध्यक्षमा किसोर बराल निर्वाचित भएका छन्।

उपाध्यक्षमा सारदा गिरी, सचिवमा गणेश श्रेष्ठ, उपसचिवमा दिपक कार्की र उपसचिवमा कमला जलारी चुनिएका छन्।

त्यसैगरी एमाले वडा



अधिवेशन पाखरा २ को अध्यक्षमा दिपक शाह निर्वाचित भएका छन्।

उपाध्यक्षमा धर्मराज



सुवेदी, सचिवमा जनार्दन सुवेदी, सहसचिवमा सिता पराजुली र सहसचिवमा कृष्ण हरि सुवेदी चुनिएका छन्।

## कोरियामा...

बताउनुभयो । कार्यक्रममा नेपाली पुस्तक टोलीको प्रतिनिधिको रूपमा अनुवादक तथा कवि मोहन कार्कीले पुरस्कार ग्रहण गर्नुभएको थियो । पुरस्कारको रकमले कोरियामा रहेका नेपाली कथाकारको कथालाई अनुवाद गरीकोरियनभाषामाप्रकाशनगर्नेयोजना रहेकोसमेत कार्कीले बताउनुभयो । कोरियामा रोजगारीलगायत विविध पेसामा आबद्ध नेपाली ३५ कविका ७० कविता समावेश भएको कविता सङ्ग्रह 'यो मेसिनको शहर हो' गत पुसमा प्रकाशन भएको थियो। कृतिमा कवि सुरेशसिंह सम्बाहाङ्फे, सेसेफुङ सेर्मा, जीवन खत्री, बोनम प्रताप, सुष्मा रानाहँछा, शकुन आँशु, खोम गुरुङ, बाबु बलिन्द्र, सुन्दर गाउँले, निर्गराज राई, रमेश सायन, गनिन्द्र विवश, रामकुमार राई, मधु सिङ जाली मगर, विङ्कल चेम्जोङ, सञ्जय काउछा, दीपा मेवाहाङ राई, यल्जी विवश, वियोगी काइँला लगायतका कविता समाविष्ट छन्।

कविताको पराजित पोमुले सम्पादन गरेको कृतिलाई कोरियन कवि इ गिजु(मुना) र मोहन कार्कीले अनुवाद गर्नुभएको हो। नेपाली भाषामा लेखिएका कवितालाई कोरियन भाषामा अनुवाद गरी कोरियाको प्रतिष्ठित प्रकाशन गृह 'नाम्छाड' ले गत पुसमा प्रकाशन गरेको थियो । कविता कृति 'यो मेशिनको शहर हो' नेपाली भाषामा पनि प्रकाशन गर्ने योजना रहेको प्रकाशकले बताएका छन्। यस कृतिलाई यसअघि पनि 'रेड अर्वार्ड' प्रदान गरिएको थियो । केही महिना अघि राजधानी सउलमा रुसी बोल्सेभिक क्रान्तिको स्मृतिका अवसरमा 'रेड अवार्ड' प्रदान गरिएको थियो।

# एएफसी यू-२३ एसियन कप फुटबल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ कार्तिक**

नेपाली युवा राष्ट्रिय फुटबल टोलीले इरानविरुद्ध खेल्दै एएफसी यू-२३ एसियन कप छनोटको यात्रा सुरु गर्दैछ।

ताजिकिस्तानमा भोलिदेखि सुरु हुने छनोट खेलमा निकै बलियो मानिएको टोली इरानविरुद्ध खेल्दै नेपालले छनोट प्रतियोगिताको सुरुआत गर्नेछ। नेपाली टोलीका मुख्य प्रशिक्षक बालगोपाल महर्जनले आफ्नो टोलीले उच्च प्रदर्शन गर्ने भन्दै राम्रो नतिजाको आशा राखेका प्री म्याच कन्फरेन्समा बताउनुभयो।

उहाँले विपक्षी टोली बलियो भए पनि आफ्नो टोलीले नतिजाका लागि सक्दो प्रयास गर्ने बताउनुभयो। तेइस खेलाडी र १२ अफिसियलसहित ३५ सदस्यीय टोली यसअघि मङ्गलबार त्यसतर्फ प्रस्थान गरेको थियो । छनोटमा नेपाल समूह 'बी' मा परेको छ । नेपालको समूहमा इरानसँगै आयोजक ताजिकिस्तान र लेबनान छन्। नेपालले आफ्नो दोस्रो खेल कात्तिक ११ गते ताजिकिस्तानसँग खेल्नेछ भने अन्तिम खेल कात्तिक १४ गते लेबनानसँग खेल्नेछ।

एएफसीले प्रतियोगिताको छनोटमा सहभागी ४१ टोलीलाई विभिन्न ११ समूहमा विभाजन गरेको छ । नेपालले हालसम्म एएफसी यू-२३ एसियन कप प्रतियोगिताको छनोट चरण पार गर्न सकेको छैन । पछिल्लो दुई संस्करणमा नेपाली टोली जितविहीन हुँदै छनोटबाट घर फर्केको थियो। दुवै संस्करणमा नेपालले गोल गर्न सकेको छैन।

नेपाली यू-२३ टोलीको गोलरक्षकमा अर्पण कार्की, विशाल सुनार र अभिषेक बराल छन् भने डिफेन्डरमा सुमन अर्याल, गौतम श्रेष्ठ, राजन गुरुङ, रन्दीप पौडेल, अभिषेक लिम्बू र शिव गुरुङ छन्।

त्यसैगरी मिड फिल्डरमा नितिन थापा, सुरज ज्यू ठकुरी, आयुष घलान, सेसेहाङ आङदेम्वे, अनिल महर्जन, राजीव लोप्चन, शिशिर लेखी, आकाश बुढामगर, एरिक विष्ट तथा रोशन पहारी छन् भने फरवार्डमा मनिष डाँगी, अभिषेक रिजाल, दर्शन गुरुङ र ऋतिककुमार खड्का छन्।

# पाँचसय ५७ संक्रमित थपिँदा ८७७ जना रोगमुक्त

**रासस**
**काठमाडौं, ७ कार्तिक**

बितेका २४ घण्टामा देशभर ५५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ भने ८७७ जना सङ्क्रमणमुक्त भएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशका विभिन्न भागमा रहेका स्वास्थ्यसंस्था र प्रयोगशालामा सात हजार ६२५ जनाको परीक्षण गर्दा ५५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

छ हजार ६१ जनाको 'पिसिआर' परीक्षण गर्दा ५२२ र एक हजार ५६४ जनाको 'एन्टीजेन' विधिबाट परीक्षण गर्दा ३५ जना सङ्क्रमित भेटिएका हुन् । देशभर १० हजार २०१ जना सक्रिय सङ्क्रमित रहेका, २२० जना क्वारेन्टिनमा रहेका तथा पछिल्लो २४ घण्टामा देशभर सात हजार ५७६ जनाले कोरोनाविरुद्धको खोप लगाएका उक्त मन्त्रालयले जनाएको छ। सोही अवधिमा तीनजना सङ्क्रमितको मृत्यु भएको छ।

योसँगै कोरोनाबाट ज्यान गुमाउनेको सङ्ख्या ११ हजार ३४८पुगेको छ। आइतबारसम्मको तथ्याङ्कअनुसार आठ लाख नौ हजार ५६ जना सङ्क्रमित भएका छन् भने सात लाख ८७ हजार ५०७ जना सङ्क्रमणमुक्त भएका छन्।


२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं । बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सर्वोच्च अदालतको विवाद

प्रधानन्यायाधीश चोलेन्द्र संशेर जबरा र सर्वोच्च अदालतका न्यायाधीशबीचको विवाद उत्कर्षमा पुगेको छ । सर अदालतमा देखिएको विकृति र विसंगतिलाई रोक्न प्रधानन्यायाधीश राणाले पहल नै गरेनन । कार्यपालिका संग हिस्सा खोज्ने कामले अदालतको गरिमा घटेको छ । अदालतबाट न्याय पाउन नस्क्ने अवस्था आएको छ। सोमबार दु नेपाल बार एशोसिएशनसँग राखेको फुलकोर्ट बैठकमा नबस्ने निर्णय गरेका छन् ।

प्रधानन्यायाधीशको कारणले समग्र न्यायपालिका विवादमा तानिएको भन्दै आइतबार अदालतमा उपस्थित १४ जना न्यायाधीशको बैठकले यस्तो निर्णय गरेको छ । आइतबार प्रधानन्यायाधीशसँग नेपाल बारको छलफलले भोलि फुलकोर्ट राख्ने तय भएको थियो । दिउँसो २ बजेदेखि न्यायाधीश दीपक कार्कीको संयोजकत्वमा बसेको छलफलको बीचमै प्रधानन्यायाधीशले सोमबार फुलकोर्ट बैठक राखेको नोटिस पाएपछि उनीबारे धारणा बनाउने विषय मोडिएको छ।

'त्यसपछि बारसँग राखिएको फुलकोर्ट बैठकमा बस्ने कि नबस्ने भन्ने छलफल भयो अनि १४ जना नै भोलिको बैठकमा उपस्थित नहुने निर्णय गऱ्यो ।' १४ जनाको छलफल भोलि ११ बजेदेखि नै निरन्तर हुने भएको छ। उक्त बैठक चलुन्जेल न्यायाधीशहरू इजलासमा नबस्ने भएको छ। 'प्रधानन्यायाधीशबाट राज्यका कार्यकारी शक्तिसँग, सरकारसँग राजदुत माग्ने, मन्त्री माग्ने र स्वतन्त्र न्यायपालिकाको हुर्मत लिने बदनाम गर्ने जुन काम भएको छ त्यसबारे हामीले छलफल गर्दै थियौं।

त्यसबीचमा भोलि हरिकृष्ण कार्की नेतृत्वको समितिले न्यायपालिकाको विकृति हटाउन दिएको प्रतिवेन र वकिलको बरिष्ठताबारे छलफल गर्न बारसँगको फुलकोर्ट राखिएको सूचना आयो, ।, 'प्रधानन्यायाधीशले अहिलेको समसामयिक विषयलाई मोडेर वकिलहरूलाई फकाउन बरिष्ठता दिन्छौ भनेर बोलाएको बैठकमा सहमत भएका छैनन्।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीश राणासहित १५ न्यायाधीश हाजिर थिए । न्यायाधीशहरू दीपक कार्की, मीरा खडका, हरिकृष्ण कार्की, विश्वम्भर श्रेष्ठ, आनन्दमोहन भट्टराई, प्रकाशमान सिंह राउत, वमकुमार श्रेष्ठ, टंकबहादुर मोक्तान, प्रकाशकुमार ढुंगाना, सुष्मालता माथेमा, हरि फुयाँल, कुमार रेग्मी, मनोजकुमार शर्मा र नहकुल सुवेदीले बारको बैठकमा उपस्थित नहुने निर्णयमा सामेल थिए । यी १४ न्यायाधीश नै सोमबार पनि छलफलामा बस्ने भएका छन । सर्वोच्च अदालतमा अहिले प्रधानन्यायाधीश सहित २० न्यायाधीश छन् । ती मध्ये आइतबार प्रधानन्यायाधीश राणा सहित १५ न्यायाधीश उपस्थित थिए।सर्वोच्चमा हुर्केको गुटबन्दी अब प्रधानन्यायाधीशको पावर सेयर खोज्ने शैलीको विरुद्ध देखिन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : आर्थिक समस्या |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङ र म्याग्दी जोड्न झोलुङ्गो पुल बन्ने

पोखरापत्र संवाददाता
बागलुङ, ७ कार्तिक

बागलुङ नगरपालिका-४ कुँडुलेको भुजेलचौर र म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौर जोड्ने झोलुङ्गो पुल निर्माण गर्न थालिएको छ । दुवै जिल्लाका सर्वसाधारणलाई आवतजावतमा सहज गराउन पुल निर्माण गर्न थालिएको हो।

चालू आर्थिक वर्षमा विनियोजित बजेटबाट निर्माण कम्पनी छनौट गरी सस्पेन्सन ब्रिज डिभिजनले दुई जिल्लाको सिमानामा पर्ने ठूलो खोलामा ३८८ मिटर लामो र १०० मिटर अग्लो पुल निर्माण थालेको हो । पुल निर्माणको ठेक्का थानी हिमशिखर जेभीले पाएको छ । रु तीन करोडको लागतमा उक्त पुल निर्माण हुने भएको हो । असोजको अन्तिम साता निर्माण सम्झौता गरेको कम्पनीले १० महिनामै पुल तयार गर्नुपर्नेछ । "पहिलो चरणको लेआउटको काम सकियो, अब फाउण्डेसनको काम सुरु हुन्छ", कम्पनीका प्रतिनिधि नरहरि खड्काले भन्नुभयो, "विवाद नभए तोकिएको समयअगावै पुल बुझाउँछौं ।" म्याग्दीको रत्नेचौरलाई बागलुङ बजारको पहुँचमा ल्याउनका लागि पुल महत्वपूर्ण हुने बागलुङ नगरपालिका-४ का अध्यक्ष ध्रुवबहादुर केसीले बताउनुभयो।

दैनिक सयौं सर्वसाधारण ओहोरदोहोर गर्ने ठूलो खोला खोँचमा पुल बनेपछि एक घण्टाको पैदलयात्रा चार मिनेटमै छोटिन्छ। "दुई गाउँलाई नै एकै ठाउँ बनाउने गरी पुल बन्छ", सांसद भुपेन्द्र थापाले भन्नुभयो, "पुलको एकतर्फ सरकारी जग्गा पर्छ, अर्कोतर्फको फउण्डेसन राख्ने ठाउँ व्यक्तिको जग्गाको हो, विवाद नगरी काम गरे समयमै पुल बन्छ, सबैलाई सजिलो हुन्छ।" पुल निर्माणका लागि उहाँले पटकपटक नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आउनुभएको थियो । पुल दुई जिल्लाको मितेरी सीमा हुने भएको छ। पुल बनेमा रत्नेचौरमा उत्पादन हुने तरकारी बजारीकरण गर्न र पैदल मार्ग हुँदै बेनी बागलुङ गर्ने सर्वसाधारणका लागि सहज हुने छ।

बागलुङको बाङ्गेचौर र पर्वतको अदुवाबारी जोड्ने सबैभन्दा लामो झोलुङ्गे पुल निर्माण गरेको कम्पनीले नै यो पुलको काम थालेकाले समयमै काम हुने सर्वसाधारणमा आशा पलाएको छ। लामो पुल तोकिएको समयभन्दा केही महिनाअघि नै निर्माण गरिएको थियो।

# म्याग्दीमा कालिजपालनको लहर

पोखरापत्र संवाददाता
म्याग्दी, ७ कार्तिक

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२१ ले डाँफे, मुनाल, कालिजलगायतका वनजङ्गलमा पाइने पक्षी पाल्न तथा सिकार गर्न प्रतिबन्ध लगाएको छ।

विदेशबाट आयात गरिएको 'रिङनेक' जातको कालिज पाल्न तथा सिकार गर्न पाइने कानुनी व्यवस्थासँगै पछिल्लो समय कालिज पाल्नेको लहर चलेको छ। केही वर्षअघिसम्म दुर्लभ मानिने कालिज (वनकुखरा)को मासु होटल, रेष्टुरेन्टदेखि व्यक्तिका भान्छामा सहजरूपमा उपलब्ध हुन थालेको छ।

भारतीय गोरखा सैनिकबाट सेवानिवृत्त भएपछि व्यावसायिक कालिजपालन सुरुआत गर्नुभएका बेनी नगरपालिका-२ फापरखेतका नवीन घिमिरे छोटो समयमै राम्रो व्यावसायिक सफलता मिलेको बताउनुहुन्छ । "पल्टनमा हुँदा दार्जिलिङमा कालिजपालन गरेको देखेर रुचि बढेको थियो", उहाँले भन्नुभयो, "नेपालमा सरकारले कालिज पाल्न अनुमति दिएकाले पेन्सन आएलगत्तै व्यवसाय सुरु गरेको थिए।"

गत वैशाख महिनामा रञ्जिला कृषि तथा पशुपक्षी फार्म स्थापना गरेर व्यवसाय सुरु गरेका ३९ वर्षीय उहाँले 'युट्युब' हेरेर यससम्बन्धी जानकारी लिएको बताउनुभयो। सात रोपनी पाखोबारीलाई घेराबार गरेर आकाशलाई जालीले छोपिएको खोर बनाउनुभएको छ।

पहिलो चरणमा ६०० वटा चल्ला हाल्नुभएका उहाँले छ महिनामै आम्दानी लिन थाल्नुभएको छ । प्रतिगोटा रु तीन हजार ५०० का दरले १०० वटा कालिज बिक्री भइसकेको छ। पोखराबाट थप ५० वटा भाले र ३० वटा पोथी कालिजको 'अर्डर' आएको व्यवसायि घिमिरेले जानकारीदिनुभयो।

उहाँका अनुसार खोर निर्माण र चल्ला खरिदमा रु २० लाख लगानी भएको छ । मकै, गहुँको घरायसी र बजारबाट खरिद गरेको दानाको साथै हरियो घाँसलाई आहराको व्यवस्थापन गर्नुभएको छ। बेनी नगरपालिका-४ सिङ्गाको हरियाली कृषि समूहको फार्मले गत वैशाखदेखि कालिजको चल्ला उत्पादन गर्दै आएको छ। पाल्नका लागि चल्ला र मासुका लागि वयस्क कालिजको माग बढेको हरियाली समूहका सञ्चालक शेरबहादुर केसीले बताउनुभयो।

"कालिजको मासुको परिकार होटल तथा रेष्टुरेष्टको मेन्यूमा थपिएको छ", उहाँले भन्नुभयो, "सोख र व्यवसायका लागि कालिज पाल्ने क्रम बढेको छ।" चार हजार कालिज मासुका लागि बिक्री योग्य भएका हरियालीको फार्मबाट दैनिक २०० गोटा चल्ला बिक्री हुन्छ।

पाँच महिना पालेपछि दुई किलोभन्दा बढी तौल हुने कालिज मासुका लागि खान योग्य हुन्छन् । कालिज सुत्केरी महिला र युरिक एसिड भएका लागि लाभदायक मानिन्छ। पछिल्लोपटक संशोधित वन ऐनले कालिजको व्यावसायिक पालन गर्न सक्ने व्यवस्था गरेको छ।

कालिजले सामान्य कुखुराको जस्तै प्रोटिन बढी भएको दाना खाने गर्दछन् । कालिज नेपालमा पाइने जङ्गली पक्षी हो। स्वादिलो र स्वास्थ्यका लागि उपयुक्त मानिने कालिजको व्यावसायिक पालन भएपछि मासुका लागि जङ्गलको कालिज चोरी शिकारी न्यूनीकरणमा सहयोग पुगेको वन प्राविधिकहरूले बताएका छन्।


## विमा लेख हरायो

**गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएका निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौ।**

नाम : सुनिता खड्का
बीमा लेख न : ०००१३५४
गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय, पोखरा,
फोनः ०६१-५२४४५०,९८०६६२०२९२


# बागलुङका एमाले वडा अधिवेशनः नेतृत्वमा महिला शून्य

–रामबहादुर थापा
बागलुङ, ७ कार्तिक (रासस)

नेकपा एमालेको आसन्न महाधिवेशनका लागि सुरू भएको वडा अधिवेशनमा बागलुङका ७१ वडामा नेतृत्व चयन भएको छ। तीमध्ये नेतृत्व तहमा महिलाको सहभागिता शून्य रहेको छ।

अधिवेशन हुन बाँकी रहेका १४ वडामा पनि महिला नेतृत्वमा आउन सक्ने छाँटकाट देखिएको छैन । कमिटिमा ३३ प्रतिशत भन्दाबढी महिलाको सहभागिता रहेको दाबी गरिएपनि मूल नेतृत्वमा पुरुष मात्र चुनिएका हुन् । जिल्लाका ८५ वडामध्ये एउटामा पनि महिला नेतृत्व चुनिन नसक्नु समावेशी सिद्धान्त विपरीत भएको कतिपयको ठहर छ।

एमालेका महिला नेता, कार्यकर्ता पनि त्यसप्रति असन्तुष्ट छन्। एमाले निकट अखिल नेपाल महिला सङ्घकी जिल्ला अध्यक्ष सावित्रा रानाले आफूहरु निर्णायक ठाउँमा हुँदाहुँदै पनि महिलालाई नेतृत्वमा उभ्याउन नसकिएको स्वीकार गर्नुभयो । "झट्ट हेर्दा महिलाहरु नेतृत्वमा नआएजस्तो देखिएपनि वडा किमिटिमा अर्थपूर्ण सहभागिताको सुनिश्चितता भएको छ", उहाँले भन्नुभयो, "आफ्नो योग्यता, क्षमता बढाउँदै नेतृत्व विकास गरेर अघि आउने वातावरण महिलालाई बनेको छ ।" गण्डकी प्रदेशसभा सदस्यसमेत रहनुभएका रानाले पहिलेदेखि नै जकडिएको संरचनाका कारण राजनीतिको अग्रभागमा पुरुष देखिने गरेको बताउनुभयो। समावेशिताको आवाज उठ्न थालेपछि पहिलेको तुलनामा राजनीतिमा महिलाको सहभागिता बढेको उहाँको भनाइ छ । "हामीले अपेक्षा गरेझैं त भएको छैन, तर केही उपलब्धि चाहिँ पक्कै भएका छन्, त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ", उहाँले भन्नुभयो, "नेतृत्वदायी भूमिकामा आउन नसक्नुलाई महिलाको असक्षमतासँग जोडेर हेर्न मिल्दैन ।" पार्टीमा लामो समय योगदान गरेका पुरष नेतामाथि अन्याय हुने ठानेर पनि कतिपय महिला नेतृत्वमा आउन हिच्किचाउने गरेका छन् । समावेशिताका नाममा महिलालाई नेतृत्वमा ल्याउँदा पुरुषलाई अन्याय हुन्छ की ? भन्ने दयापूर्ण मनोदशा पनि बेलाबेला राजनीतिमा देखा पर्छ । प्रदेशसभा सदस्य रानाले अहिलको वडा अधिवेशनमा महिलाहरु पनि नेतृत्वका हकदार हुन् र उनीहरु सक्षम छन् भन्ने परि दृश्य देखिएको बताउनुभयो। एमाले जिल्ला सचिव विष्णु भुसालले अध्यक्षमै नआएपनि पदाधिकार ीसहित किमिटिमा महिलाहरुको राम्रो उपस्थिति रहेको बताउनुभयो। "वडा कमिटिमा ३३ प्रतिशतभन्दा बढी नै महिलाहरु चुनिनुभएको छ, यसलाई राम्रो उपलब्धि मान्नुपर्छ", उहाँले भन्नुभयो।

योगदान, क्रियाशीलता, समय व्यवस्थापन आदि कारणले नेतृत्वमा पुरुषको अग्रसरता बढी देखिनु स्वभाविक रहेको सचिव भुसालले बताउनुभयो। वडा तहमा बसेर पार्टी काममा क्रियाशील हुने महिलाहरुको संख्या न्यून भएको स्थितिमा अहिले देखिएको सहभागितालाई सकारात्मक रुपमा लिनुपर्ने उहाँको तर्क छ। "नेतृत्वमा महिला आउन असक्षम हुनुहुन्छ भन्ने होइन, यही प्रक्रियाबाट महिला अघि आउने वातावरण बन्छ, पार्टीले त्यसका लागि उपयुक्त भूमिका खेल्छ", उहाँले भन्नुभयो । सचिव भुसालले समावेशी सिद्धान्तलाई आत्मसाथ गरेर पार्टी अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

शनिबार देशभर एकैसाथ एमालेको वडा अधिवेशन शुरु भएको थियो। जसअन्तर्गत यहाँका ७१ वडामा सर्वसम्मत रुपमा नेतृत्व चयन भएको छ। बाँकी रहेका १४ वडामा आजदेखि अधिवेशनको प्रकृया आरम्भ भएको एमाले जिल्ला कमिटिले जनाएको छ । महाधिवेशनपूर्व तल्ला तहमा भइरहेका भेला, अधिवेशनले एमाले वृत्तमा उत्साह थपेको बताइएको छ।

# पुरानै स्थितिमा आउँदै छ तनहुँको पर्यटन

–कृष्ण न्यौपाने
दमौली, ७ कार्तिक (रासस)

कोरोनाका कारण सुस्ताएको तनहुँको पर्यटन पुनः पुरानै स्थितिमा आउन थालेको छ। लामो समयसम्म कोरोना सङ्क्रमणका कारण सुस्ताएको जिल्लाको पर्यटनले विस्तारै गति लिन थालेको हो।

कोरोना सङ्क्रमण न्यूनीकरण भएर जनजीवन सामान्य बन्न थालकाले जिल्लाका पर्यटकीय स्थानमा पर्यटकको चहलपहल बढ्न थालेको छ । यसबाट व्यवसायीहरू पनि आशावादी हुनथालेका छन् । अहिलेको याममा बिहानको सूर्योदयसँगै कुहिराले ढाकिएको दृश्य हेर्न आन्तरिक पर्यटक व्यास नगरपालिका-५ मानुङकोट उक्लिन थालेका देखिन्छन् । पछिल्लो केही दिनयता दैनिक सयौंको सङ्ख्यामा पर्यटक मानुङकोट पुग्ने गरेको वडाध्यक्ष मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । "बिहानको सूर्योदय र कुहिराले ढाकिएको दमौलीको दृश्य अवलोकनका साथै दिउँसोका समयमा हिमशृङ्खला हेर्न पनि पर्यटकको आगमन बढेको छ", उहाँले भन्नुभयो, "राति बास बस्नेको सङ्ख्या पनि उत्तिकै छ।"

गत वर्षदेखि मानुङकोटमा आन्तरिक पर्यटकको आगमन ह्वात्तै बढेको हो । गत वर्षको कात्तिकमा एकैदिन १० हजारभन्दा बढी पर्यटक यहाँ आइपुगेका थिए । दमौली बजारले कुहिराको घुम्टो ओढेर सूर्य उदाउँदाको दृश्य हेर्न लालायीत आन्तरिक पर्यटक मानुङकोट पुग्ने गरेका छन् । "अहिले दसैंपछि मानुङकोटमा पर्यटकको चहलपहल बढेको छ", स्थानीय व्यवसायी रेवती आलेले भन्नुभयो, "पर्यटक बढेसँगै यहाँको व्यवसाय पनि बढेको छ।" मानुङकोटमा आन्तरिक पर्यटकको चाप बढ्न थालेपछि गत वर्षदेखि स्थानीयवासीले प्रत्येक घरमा होटल खोलिसकेका छन् । यहाँबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमाल अवलोकन गर्न सकिन्छ । साथै दमौली बजारलगायत आसपासका क्षेत्र पनि छर्लङ्ग देखिन्छ। मानुङकोट जाने बाटो कालोपत्रसमेत हुन थालेको छ। केही ठाउँमा कालोपत्र भइसकेको छ भने केही ठाउँमा गर्न बाँकी छ। जिल्लाको अर्को पर्यटकीय नगरी बन्दीपुरमा पनि यतिबेला पर्यटकको चहलपहल बढेको छ । दसैं बिदापछि आन्तरिक पर्यटकको चहलपहल बढेपछि यहाँका व्यवसायी उत्साहित भएका छन् । कोरोनाका कारण दुई वर्षदेखि पर्यटक ठप्प भएको बन्दीपुरमा अहिले आन्तरिक पर्यटक वृद्धि भएको बन्दीपुर पर्यटन विकास समितिका सचिव वसन्त पौडेलले जानकारी दिनुभयो।

सुस्ताएको यहाँका होटल व्यवसायीमा अहिले आशा पलाएको उहाँले बताउनुभयो । "दुई वर्ष यहाँको व्यवसाय ठप्प रह्यो, अहिले पर्यटकको चहलपहलले आशा जगाएको छ", सचिव पौडेलले भन्नुभयो, "यो क्रम निरन्तर रहे व्यवसायीलाई राहत हुन्छ।" होटल दरबार हिमालयका सञ्चालक वैश गुरुङले स्वदेशी पाहुनाको आगमन बढेसँगै व्यवसायीमा आशा जगाएको बताउनुभयो। अधिकांशले कोरोनाविरुद्धको खोप लगाएका कारण पनि घुम्न निस्किएका हुनसक्ने उहाँको भनाइ थियो

बन्दीपुरका होटल व्यवसायीले छुट प्याकेजसमेत ल्याउने तयारी गरेका छन् । बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानका अनुसार पर्यटकलाई आकर्षित गर्न छुट प्याकेज ल्याउने तयारी छ। यहाँ होटल सङ्घसँग आबद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, बोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालित छ । यसैगरी म्याग्दे गाउँपालिका-२ स्थित ज्यानटाङ सामुदायिक वनमा रुखमाथि निर्माण गरिएको घरमा पनि पर्यटकको चहलपहल बढेको छ। यहाँ दैनिक १०० भन्दाबढी आन्तरिक पर्यटक आउने गरेको सामुदायिक वनका अध्यक्ष ईश्वर रानाभाटले जानकारी दिनुभयो।

भिमाद नगरपालिका-९ मोहोरियास्थित अग्लो ढुङ्गामा पनि आन्तरिक पर्यटकको चहलपहल बढिरहेको छ। अग्लो ढुङ्गा सिङ्गारेर उद्यान बनाइएपछि यस ठाउँ आन्तरिक पर्यटकको रोजाइमा परेको स्थानीयवासी शिवकुमार आलेले बताउनुभयो। घाङ्च ल्हुम भनेको मगर भाषामा अग्लो ढुङ्गा हो । मोहोरियाको जङ्गलमा अग्ला ढुङ्गा परापूर्वकालदेखि नै थिए । झट्ट हेर्दा आकर्षक देखिने चुच्चे अग्ला ढुङ्गा ढुङ्गामै सीमित थिए। अहिले तिनै ढुङ्गालाई सिङ्गारेर उद्यान बनाइएको छ।

# खोलामा बालक बेपत्ता

पोखरापत्र संवाददाता
बागलुङ, ७ कार्तिक

बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका- ७ बोबाङमा भुजीखोलाले बगाउँदा एक बालक बेपत्ता भएका छन्।

शनिबार साँझ भुजीखोलामा साथीसँग खेल्न भनी गएका ढोरपाटन-७ धाराबोटका दिलबहादुर विकका पाँच वर्षीय छोरा जीवन बेपत्ता भएका हुन् । उनी साथीसँग खेल्ने क्रममा भुजीखोलामा रहेको साघुँबाट खसेका स्थानीयवासीले बताएका छन् । नमूना बाल विकास धारकोटमा अध्यनरत विक दिउँसो खेल्दाखेल्दै खोलामा पुगेका थिए । बेपत्ता विकको खोजीका लागि प्रहरी चौकी बुर्तिबाङ बागलुङबाट पाँच जनाको टोली खटिएको प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो । नजिकै रहेको पुलको विकल्पमा अस्थायीरूपमा बनाइएको साँघुमा उनीहरू पुगेको प्रहरी चौकी ढोरपाटनले जनाएको छ।

# सुनगाभा सहकारीको अध्यक्षमा थापा

पोखरापत्र संवाददाता
पोखरा, ७ कार्तिक



सुनगामा बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-१८ सेदीभिलेजको सञ्चालक समितिको अध्यक्षमा कृष्ण बहादुर थापा निर्विरोध चयन हुनुभएको छ।

सहकारीको शनिबार सम्पन्न पाँचौ अधिवेशन तथा १२ औँ वार्षिक साधारणसभाले थापाको अध्यक्षतामा नौ सदस्सीय सञ्चालक समिति र लेखा समिति चयन गरेको हो। थापा तेस्रो कार्यकालका लागि अध्यक्ष चुनिनुभयो । यसैगरी सञ्चालक समितिको उपाध्यक्षमा पार्वती कोइराला, सचिव कृष्ण थापा र कोषाध्यक्ष राजु थापा रहनुभएको छ । सदस्यहरुमा रमेश थापा(सुमन),सुरेन्द्र थापा,निर्मल गौतम,रमेशबहादुर थापा र देवकी पहारी रहनुभएको छ । यसैगरी लेखा समितिको संयोजकमा रामबहादुर थापा र सदस्यहरुमा मिना थपलिया र भगवान पहारी चयन हुनुभयो पत्रकार गणेश पहारी संयोजक तथा सूर्यबहादुर थापा र पवित्रा बास्तोला सदस्य रहेको निर्वाचन समितिले निर्वाचित पदाधिकारीहरुलाई शपथ गराएको थियो । साधारणसभाका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १८ का वडाध्यक्ष रणबहादुर थापाले सहकारीले आफ्ना सदस्यहरुलाई आर्थिक रुपमा सक्षम बनाउनुपर्ने बताउँदै सहकारीले उत्पादनमूलक क्षेत्रमा लगानीपर्नेमा जोड दिनुभयो। कार्यक्रमा बंगलादी बचत तथा ऋण सहकारीका अध्यक्ष विष्णुमाया सुवेदी,संस्थाका सदस्य एवं पत्रकार गणेश पहारी, गन्तव्य अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र तिमिल्सिना लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष पार्वती कोइराला र सञ्चालन सचिव कृष्ण थापाले गर्नुभएको थियो । विसं २०६६ मा स्थापना भएको संस्थाको शेयर पूँजी एक करोड ८७ लाख २० हजार छ भने लगानी तीन करोड ९४ लाख २९ हजार ७४५ छ। संस्थाको वार्षिक कारोबार पाँच करोड ५० लाख छ । संस्थामा ३७१ शेयर सदस्य छन्।



मानुङ्कोटमा पर्यटकः तनहुँको व्यास नगरपालिका-५ स्थित मानुङ्कोटमा घुम्नका लागि पुगेका आन्तरिक पर्यटक। मानुङ्कोटबाट दृश्यावलोकनका लागि आउने पर्यटक बढ्न थालेका छन्।
तस्वीर : कृष्ण न्यौपाने, रासस

# तनहुँमा लोप हुँदै 'घैया धानखेती'

–सानेबहादुर नेपाली
तनहुँ, ७ कार्तिक (रासस)

पाखो खेतबारीमा लगाइने छरुवा धान 'घैया' तनहुँमा लोप हुने अवस्थामा पुगेको छ। यसप्रति किसानको आकर्षणमा कमी र मौसम अनुकूल नहुँदा जिल्लामा घैया धान लोप हुने अवस्थामा पुगेको हो।

जिल्लाका झण्डै ४० प्रतिशत क्षेत्रफलमा गरिँदै आएको छरुवा धान 'घैया' समयको परिवर्तनसँगै विभिन्न कारणले जिल्लाबाटै लोप हुँदै गएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । जिल्लाको अधिकांश क्षेत्रमा गरिने यो धानखेतीमा मिहिनेत धेरै र उत्पादन कम हुने भएपछि हिजोआज लोप हुने अवस्थामा पुगेको कृषि ज्ञान केन्द्र तनहुँका वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले बताउनुभयो। जिल्लाको भानु र आँबुखैरेनी गाउँपालिकाका न्यून मात्रामा यसको खेती गरिए पनि अन्य पालिकामा खासै नदेखिएको उहाँको भनाइ छ।

"घैया धानप्रति कृषकको आकर्षण घट्दै जाँदा तनहुँलगायत देशैभर लोप हुने अवस्थामा पुगेको छ", उहाँले भन्नुभयो, "आकाशेपानीको भरमा धान खेती गर्नुपर्ने भएकाले मौसम अनुकूल पानी नपर्ने र मलखाद्यको मात्रा नमिल्ने भएकाले उत्पादनमा कमी हुँदै यो धान लोप हुने अवस्थामा पुगेको देखिन्छ।" जिल्लामा स्थानीय असली घैया धानको जात लोप भइसकेको र नयाँ प्रकारको विकासे जातको घैया छिटफुट मात्रामा खेती हुँदै आएको बताइएको छ। जिल्लामा घैया एक, घैया दुई, मकावनपुर, हर्दिनाथलगायत छरुवा जातको विकासे धान असिञ्चित क्षेत्रमा छरुवा प्रविधिबाट खेती गर्ने प्रचलन थियो । तर, अहिले त्यस्तो धानको उत्पादनमा कमी आउँदै गएकाले लगाउनै छाडिसकेको किसान बताउँछन् । जिल्लामा घैया धानका साथै मास, भटमाससमेत लोप हुने अवस्थामा पुगेको वरिष्ठ कृषि विकास अधिकृत तिवारीले जानकारी दिनुभयो । त्यसैगरी जिल्लामा मकैखेती पनि क्रमशः घट्दै गएको बताइएको छ । मानिसको बसाइँसराइ सहरमुखी हुनु, युवा पलायन हुनु र वन्यजन्तु जनावरले खाएर नोक्सान पुर्‍याउनेलगायतका कारणले मकै, कोदोबालीतर्फ किसानको आर्कषण घट्दै गएको वरिष्ठ कृषि विकास अधिकृत तिवारीको भनाइ छ। मकै उत्पादन घट्दै गएपछि जिल्लामा भारत र चाइनाबाट यसको आयात हुँदै आएको छ । उहाँले भन्नुभयो, "कुखुरा र बाख्रापालनतर्फ यहाँका किसानको आर्कषण बढ्दै गएकाले मकैको मागमा पनि वृद्धि भएको छ।"

तनहुँ मासु र अण्डामा आत्मनिर्भर भएको छ । मासु र अण्डामा आत्मनिर्भर भएर बाह्य जिल्लामा समेत निर्यात गर्दै आएको केन्द्रले जनाएको छ । जिल्लामा मकैको उत्पादन भने क्रमशः घट्दै गएको पाइन्छ । केन्द्रका अनुसार आर्थिक वर्ष २०७५/०७६ मा २२ हजार ४७ हेक्टर क्षेत्रफलमा गरिएको मकै खेतीतबाट ७३ हजार ६९३ मेट्रिक टन उत्पादन भएको थियो। त्यस्तै आर्थिक वर्ष २०७६/०७७ मा २२ हजार ५१ हेक्टर क्षेत्रफलमा गरिएको मकै खेतीबाट ७३ हजार ६९० मेट्रिक टन र आर्थिक वर्ष २०७७/०७८ मा २२ हजार ३१९ हेक्टर क्षेत्रफलमा गरिएको मकै खेतीबाट ७४ हजार ५७४ मेट्रिक टन उत्पादन भएको छ। यसरी मकैको उत्पादनमा खासै वृद्धि नभएको केन्द्रले जनाएको छ। यसैगरी आर्थिक वर्ष २०७५/०७६ मा छ हजार ५५८ हेक्टर क्षेत्रफलमा गरिएको कोदोखेतीबाट पाँच हजार ९०५ मेट्रिक टन, आर्थिक वर्ष २०७६/०७७ मा पाँच हजार ६५२ हेक्टर क्षेत्रफलमा गरिएको कोदोखेतीबाट पाँच हजार ९०१ मेट्रिक टन र आव २०७७/०७८ मा छ हजार ३०६ हेक्टर क्षेत्रफलमा गरिएको कोदोखेतीबाट पाँच ९७२ मेट्रिकटन उत्पादन भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जमिनको मात्रा बढेको देखिए पनि उत्पादन खासै बढेको देख्न सकिँदैन। त्यस्तै आर्थिक वर्ष २०७५/०७६ मा जिल्लामा ६९ हेक्टर क्षेत्रफलमा गरिएको फापर खेतीबाट १७० मेट्रिक टन उत्पादन भएको थियो । सोही आर्थिक वर्षमा पाँच हेक्टर क्षेत्रफलमा गरिएको जौखेतीबाट पाँच मेट्रिक टन उत्पादन भएको कार्यालयका कृषि अधिकृत प्रकृति न्यौपानेले जानकारी दिनुभयो।

# वैदेशिक रोजगारीको नाममा मानब बेचबिखन

रासस
काठमाडौं, ७ कार्तिक

एक महिलालाई बेल्जियममा काम लगाइदिन्छु भन्दै बैंकक पुर्‍याई मानव बेचबिखन गर्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौँको सिनामङ्गलबाट एकजना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा बागलुङ गल्कोट नगरपालिका-४ का ४४ वर्षीय राजेन्द्र खड्का रहेको प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोले आज एक विज्ञप्ति जारी गरी जनाएको छ । खड्काले पीडित महिलालाई बेल्जियमको होटेलमा काममा लगाइदिने, मासिक एक लाखदेखि डेढ लाख तलब हुन्छ भनी प्रलोभनमा पारी विभिन्न मितिमा रु आठ लाख ५४ हजारसमेत लिई दुई वर्षअघि यसरी बेचबिखन गरेको ब्यूरोले जनाएको छ। गिरोहले भैरहवाबाट भारतको गोरखपुर, कोलकाता हुँदै थाइल्याण्डमा खड्काको कोठामा अर्का भारतीय अभियुक्त परविन्दर सिंहसमेतले यौनशोषण गरी धम्की दिई मलेशिया लगी अलपत्र पारेकामा आफन्तको सहयोगमा एक वर्षअघि महिला नेपाल आउन सफल भएकी प्रहरीले जनाएको छ। उनीहरुले महिलालाई कम्बोडियासमेत पुर्‍याएको फेला परेको छ । त्यसपछि उनको जाहेरीका आधारमा ब्यूरोबाट खटिएको प्रहरीले फरार रहेका खड्कालाई लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरेको जनाइएको छ। उनलाई जिल्ला अदालत काठमाडौँबाट चार दिन म्याद थप गरी मानव बेचबिखन तथा ओसापसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गत अनुसन्धान भइरहेको ब्यूरोका प्रहरी उपरीक्षक अनुराग द्विवेदीले जानकारी दिनुभयो।

यसैबीचकाठमाडौँमहानगरपालिका-९ गैरीगाउँबाट ९७० ग्राम तौल भएको संरक्षित वन्यजन्तु गैँडाको खाग एक थानसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका स्वयम्भू बस्ने सोलुखुम्बु दूधकोशी गाउँपालिका-६ घर भएका १९ वर्षीय तिलकबहादुर बस्नेत र तारकेश्वर नगरपालिका लोकतान्त्रिक चोक बस्ने बागलुङ तमनखोला गाउँपालिका-१ घर भएका २८ वर्षीय दीपक गोतामे रहेका छन्।


## प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,

## गण्डकी प्रदेश, पोखरा

## सहकार्यमा पशु कल्याण प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०७/०८**

यस निर्देशनालयको आ.ब. २०७८/०७९ को स्विकृत वार्षिक कार्यक्रम अनुसार सहकार्यमा पशु कल्याण प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०७७ बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक पशु कल्याणमा आवद्ध संघ/संस्था, समुह/समिति स्थानिय तहहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यालय समय भित्रमा निर्देशनालय वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स | कार्यक्रमहरु | संख्या | आवेदक | साझेदारी प्रतिशत | साझेदारी हुने रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पशु कल्याण प्रवर्द्धन कार्यक्रम | २ | संघ/ संस्था /समुह समिति/ स्थानिय तह | ९० | बढिमा रु ५,००,०००/- (पाँच लाख मात्र) | पशु कल्याण प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०७७ को अनुसुचि २ को आवेदन फारम र अनुसूचि ३ अनुसारको संक्षिप्त कार्ययोजना |

प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरुः

१) रु १० को टिकट सहित निवेदन (बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को अनुसूची-३ दफा १६ को उपदफा २ सँग सम्बन्धित) र परियोजना प्रस्ताव।
२) दर्ता/स्थापना सम्बन्धी संस्थाको दर्ता प्रमाण पत्र र एब्ल/ख्ब्त दर्ता प्रमाण पत्रको प्रतिलिपि।
३) गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४) नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
५) समूह/समिति/सहकारीको हकमा संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
६) सम्बन्धित स्थानिय तहको पशु सेवा शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस।
७) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।
८) निर्माण कार्यको डिटेल कस्ट स्टिमेट।
९) अघिल्ला दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।
१०) सामाजिक, धार्मिक, पर्यावरणमा असर वा क्षति नगर्ने प्रतिवद्धता पत्र ।
११) विगत २ वर्ष भित्र कुनै पनि सरकारी कार्यालयहरुवाट अनुदान नलिएको स्वघोषणा पत्र।
१२) लागत साझेदारीको प्रतिवद्धता पत्र।

प्रस्ताव पत्र र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरु भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश को वेबसाईट www.molac.p4.gov.np र यस निर्देशनालयको वेवसाईट www.dlfd.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य थप जानकारीका लागि फोन नं. ०६१-५२०४५४/५२७५८५ मा सम्पर्क गर्नु हुन अनुरोध छ।


# तरकारी बेचेरै लाखौँ आम्दानी

पोखरापत्र संवाददाता
बागलुङ, ७ कार्तिक

मेहनत गरेमा किसानले आफ्नै बारीमा सुन फलाउन सक्छन् भन्ने उदाहरण बागलुङको काठेखोला-८ की एक महिलाले दिनुभएको छ।

काठेखोला-८ लेखानीकी ४५ वर्षीया लालमाया पुनले तरकारी बेचेरै मासिक लाखौँ कमाउन थाल्नुभएको हो। आफ्नै जग्गामा लगाएकाले नपुगेपछि भाडामा लिएको जग्गासमेत उपयोग गरेर उहाँले कमाइ गर्नुभएको छ। गाउँमा उत्पादन भएको तरकारी बजार पुग्छ, बजारमा भएको पैसा गाउँ पुगेको छ।

उहाँले आफ्नो जमिनबाहेक मासिक रु छ हजार भाडा तिरेर आठ रोपनी जमिन भाडामा लिनुभएको छ। त्यही भाडाको बारीले सात वर्षदेखि उहाँलाई लखपति बनाएको छ । उहाँको आशिष कृषि फार्ममा वर्षभरि नै ताजा तरकारी पाइन्छ । उहाँले लामो समयदेखि निरन्तर खेतीमै जोड दिनुभएको छ । एक वर्षमात्र हैन, पछिल्लो सात वर्षदेखि उहाँले नियमित कमाइ गर्न सक्नुभएको हो । उहाँले भन्नुभयो, "कृषिको हाकिमभन्दा मेरो कमाइ बढी छ।" तालिम दिने हाकिमले मासिक तलब खाने गरेको तर आफ्नो दैनिक कमाइ भइरहेको उहाँले बताउनुभयो । दश वर्षअघिसम्म खान लाउने समस्याले पुनले ज्याला मजदुरी गर्नुहुन्थ्यो। चार छोरी पाल्ने उहाँको चुनौती तरकारी खेतीले पूरा गरिदिएको हो। संयोगले भेटिएका कृषि कार्यालयका अधिकृतले तालिममा सहभागी गराएपछि उहाँले भाडाको जमिनमा खेती गर्ने योजना बुन्नुभएको थियो । त्यो अभियानले अहिले उहाँ अगुवा र कर्मठ किसानमा गनिनुहुन्छ । उहाँको बारीमा के हिउँद, के वर्षात् निरन्तर तरकारी लटरम्म हुन्छ । उहाँको बारीमा हिउँदमा लटरम्म फल्ने केराउ, काउली र मोटरकोसा, बर्षात्मा खुर्सानी, गोलभेडालगायत तरकारी लगाएर यो सफलता पाइएको छ। "सिजनअनुसार फल्ने तरकारी पनि लगाएकी छु, बेमौसमी तरकारी प्लाष्टिकको घरमा लगाउँछु", उहाँले भन्नुभयो, "महिलाले केही गर्न सक्दैनन् भन्थे, आँट गरेर सफल भएकी छु ।" धेरै वर्षसम्म सिक्किम लोकल जातको केराउ लगाएर कमाएको र अहिले सबैखाले खेती थालेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "टनेलभित्र गोलभेडा मात्रै गर्ने चलन तोडेर खुर्सानी लगाएर पनि लाख कमाउन सकेँ।" अहिले पनि उहाँका टनेलमा गोलभेडा, प्याज, रायो साग, अकबरे खुर्सानी, मुसुरो दाल, काउली बन्दा जस्ता उत्पादन लटरम्म फलेका छन् । लेखानी गाउँसहित बागलुङ बजारमा पनि नियमित तरकारी बेच्ने गरेको उहाँले बताउनुभयो।